आज मिति २०७८ साल असोज १८ गते सोमबारको दिन दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १११ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री सानुबाबु श्रेष्ठ (का.बा.वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७८/०६/१७ गते नगर प्रमुखज्यूबाट मिति २०७८/०६/१८ गते नगर कार्यपालिकाको १११ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | वार्षिक योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा । | • चालु आ.ब.०७८/०७९ को लागी सातौं नगर सभाबाट विनियोजित बजेट तथा कार्यक्रम स्रोतको परिधि भित्र रही हाललाई निम्न बमोजिमको आयोजना तथा कार्यक्रमहरु सञ्चालनमा ल्याउने । साथै २०७८ को दशै पश्चात् नगर स्तरीय सम्पूर्ण योजना तथा कार्यक्रमहरु सञ्चालनमा ल्याउने ।<br>१. गत आ.ब.को क्रमागत आयोजना तथा कार्यक्रमहरु,<br>२. वडा स्तरिय आयोजना तथा कार्यक्रमहरु,<br>३. विषयगत (शाखागत) कार्यक्रमहरु,<br>४. कार्यालय सञ्चालन सम्बन्धी प्रशासनीक बजेटहरु,<br>५. संघ तथा प्रदेशबाट प्राप्त सशर्त, समपुरक र विशेष आयोजनाहरु,<br>६. मर्मतसम्भार सम्बन्धी आयोजनाहरु,<br>७. जात्रापर्व एवं सँस्कृती सम्बन्धी कार्यक्रमहरु,<br>८. विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु,<br>९. नगर स्तरीय योजनाहरु,<br>९. गत आ.ब.को बाँकी भुक्तानीहरु । |
| २. | आ.ब.०७७/०७८ को क्रमागत आयोजनाहरुको म्याद थप सम्बन्धमा । | • आ.ब.०७७/०७८ मा नगर स्तरिय, वडा स्तरिय तथा कार्यपालिकाबाट स्वीकृत भएका क्रमागत आयोजना तथा कार्यक्रमहरु २०७८ मंसिर १० गते सम्म सम्पन्न गरि सक्नु पर्ने गरी म्याद थप तथा सम्झौता गरी कार्यान्वयन गर्ने । |
| ३. | सरसफाई व्यवस्थापन गर्ने संस्थाको म्याद थप सम्बन्धमा । | • यस कार्यपालिकाको मिति २०७७/०९/२९ को ९९ औं बैठकको निर्णय नं. २ अनुरुप यस नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्नको लागी परिवर्तन सेवा प्रा.लि.सँग सम्झौता भएकोमा उक्त सम्झौता २०७८ असार मसान्तमा समाप्त भएको र उक्त परिवर्तन सेवा प्रा.लि.ले हालसम्म पनि निरन्तर रुपमा यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन गरिरहेको हुदाँ २०७८ पुष मसान्तसम्मको लागी उक्त संस्थासँगको सम्झौतामा म्याद थप गर्ने । |
| ४. | नगर प्रहरी सञ्चालन कार्यविधि स्वीकृत सम्बन्धमा । | • स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क बमोजिम नगर प्रहरी गठन, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्नको लागी पेश भएको **नगर प्रहरी सञ्चालन कार्यविधि, २०७८** परिमार्जन सहित स्वीकृत गर्ने । |
| ५. | बाँसबारी पार्क निर्माण ठेक्का अनुमोदन सम्बन्धमा । | • ३ वर्षिय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र यस नगरपालिकाबिच मिति २०७८/०१/१७ गते भएको सम्झौता बमोजिम आ.ब.०७८/०७९ देखी आ.ब.०८०/०८१ सम्मको लागी बहुवर्षिय ठेक्काको रुपमा सञ्चालनको लागी मिति २०७८/०२/१७ गते प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार पर्न आएको Awale Builders Pvt.Ltd., ललितपुर - ११ को रु.५,८५,६९,६१०।१७ मा बोलपत्र स्वीकृत भएको हुदाँ उक्त निर्माण |

**भोला प्रसाद वाग्गाई**
**प्रमुख प्रशासकीय अधिकृत**

| | | |
|---|---|---|
| | | व्यवसायीसँग सम्झौता गर्न श्रीमान् नगर प्रमुखस्तरबाट मिति २०७८/०५/२८ मा भएको निर्णयलाई अनुमोदन गर्ने । |
| ६. | खानीको म्याद थप सिफारिस सम्बन्धमा । | • यस नगरपालिका अन्तर्गत खानी तथा भुगर्भ विभागबाट स्वीकृत भई दर्ता भएको दशरथ बलामीको खानी सञ्चालन ईजाजतको अवधि मिति २०७८/०९/१४ गते सम्म भएको हुदाँ उक्त अवधि सम्मका लागी खानी सञ्चालन गर्न सम्झौता गर्ने र कोभिड - १९ का कारण भएको लकडाउन अवधिभर खानी उत्खनन् हुन नसकेको भन्ने निवेदकको माग बमोजिम उक्त खानीको नियमानुसार म्याद थप गर्न खानी तथा भुगर्भ विभागलाई पत्राचार गर्ने । |
| ७. | धरौटी रकम फिर्ता सम्बन्धमा । | • यस नगर क्षेत्र भित्र ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा र माटो लगायतका प्राकृतिक स्रोतहरुको बिक्रि/संकलन शुल्क दस्तुर उठाउने ठेक्का श्री काव्यश्री एग्रिगेट एण्ड स्याण्ड उद्योग प्रा.लि., द.न.पा.६ लाई ठेक्का स्वीकृत भएको र उक्त ठेक्कामा भाग नलिएको तर धरौटी रकम जम्मा गरेको प्रो. श्रीकृष्ण रञ्जित, दक्षिणकाली बिग सप्लायर्सले ठेक्काको लागी जम्मा गरेको धरौटी रकम रु.१७,५०,०००।- (सत्र लाख पचास हजार रुपैयाँ) फिर्ता गर्ने । |
| ८. | बहाल बिटौरी कर संकलन सम्बन्धमा । | • मिति २०७८/०६/१३ गते बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकको सिफारिस बमोजिम यस नगरपालिका क्षेत्र भित्र अस्थाई/घुम्ती रुपमा व्यापार तथा सामग्री बिक्रि वितरण गर्न सञ्चालन गरिने व्यवसायहरुबाट दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन, २०७८ ले तोकेको शुल्क लिने गरी यस कार्यालयमा सुचिकृत भएका संस्थाहरुबाट प्रस्ताव माग गरी संकलित राजश्वको ४० प्रतिशत रकम सम्बन्धीत संस्थाले पाउने र ६० प्रतिशत रकम यस नगरपालिकामा दाखिला गर्ने गरी संकलन गर्ने । |
| ९. | विविध । | • यस नगरपालिका वडा नं.८ निवासी पूर्ण बहादुर वाईवाको मिति २०७८/०१/३१ गते गोठमा आगोलागी भई उक्त आगलागीमा निजको घर, गोठ र पशुधन समेत क्षति भएको हुदाँ राहत स्वरुप विपद् व्यवस्थापन कोषबाट निजलाई रु.३०,०००।- उपलब्ध गराउने । |

भोला प्रसाद [illegible]
प्रमुख प्रशास[illegible]